चितवनबाट काठमाडौं आउँदै गरेको ग १ ख ५५४६ नम्बरको हाइस रोकेको अवस्थामा आफैं गुड्न गई सडक छेउको पेटीमा ठोकिँदा ठेगाना नखुलेकी अन्दाजी २५/२६ वर्षीया सविना गुरूङको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएकी गुरूङको उपचारका क्रममा ट्रमा सेन्टरमा मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए । उनका अनुसार दुर्घटनामा नौ जना घाइते भएका छन् । घाइतेमध्ये केहीको ट्रमा सेन्टर र केहीको अन्नपूर्ण न्यूरोमा उपचार भइरहेको छ । हाइस चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।


**पश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
## सामाजिक विकास कार्यालय
**कन्चनपुर**

**बोलपत्र स्वीकृतिका लागि आशयको सूचना**

**सूचना प्रकाशित मिति :- २०८१/१२/११**

यस सामाजिक बिकास कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विधुतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमका बोलपत्र छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का संकेत नं. | कामको विवरण | कबोल अंक (मु.अ. कर र पी.एस. सहित) | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| SDO/Kan/SQ/Works/ 03/2081-082 | Shree Saraswati Ma.Vi. Mahulia Bhimdatta Municipality Kanchanpur Two Room School Building Construction | RS. 13,00,374.97/ | Bibek Builders |
| SDO/Kan/SQ/Works/ 04/2081-082 | Shree Mahendranagar Ma.Vi. Radhe Radhe Tol Bhimdatt Municipality-18 kanchanpur Two Room School Building | RS. 12,77,080.02/ | Bibek Builders |

**कार्यालय प्रमुख**



## धरान उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :– २०८१/१२/११**

यस कार्यालयद्वारा २०८१/११/११ गते सौर्य दैनिकमा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको ५ ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अङ्क भ्याट बाहेक PS सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | Manisundar marga RCC road construction work (Dharan-3), Dankute road-Belgachhi pool-Deurali path railing construction work at Khahare khola riverside road (Dharan-9), J.B. road interlock tile road construction work (Dharan-14), Naya sadak bhitri loop interlock tile road construction work (Dharan-14) | 11/DHARAN/ WORKS/ NCB/081/82 | २०,५२,३७४.५४ | श्री माङ्वारक कन्स्ट्रक्सन् कम्पनी प्रा.लि., धरान १८ |



**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
## संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, खोटाङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मिति : २०८१/१२/११)**

यस संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, खोटाङबाट ठे. नं. 1/PROCUREMENT/2081-82/FWSSMPKHOTANG को लागि पेश भएका बोलपत्रहरु मध्ये बाट तपशिलमा उल्लेखित एक मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही न्यूनतम मुल्यांकित बोलपत्र स्वीकृतिको लागि छनौटमा परेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफाहरु २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठे.नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर बाहेकको) रू. |
|---|---|---|---|
| 1/PROCUREMENT/ 2081-82/ FWSSMPKHOTANG | Procurement, Supply & Delivery of PE 100 Pipe at FWSSMP office, Diktel, Khotang | Nepal Plastics (P). Ltd. Dharan, Sunsari | **NRs. 21 38 938.00** |



## Thakre Rural Municipality
**Office of the Rural Municipal Executive**
**Mahadevbesi, Dhading**
**Bagmati Province, Nepal**

**Invitation for Online Bid**

**Date of Publication: 2025-03-24**

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract below

| S. No. | Contract ID No. | Project Title | Estimated cost (with VAT) (NRS) | Bid Security amount (NRS) | Bid Document fee (NRS) |
|---|---|---|---|---|---|
| 1. | 02/NCB/GOODS/ THAKRE/2081/082 | Procurement of Medicine for the fiscal year 2081/82 | 36,60,000/- | 92,500/- | 3000/- |

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Medicine for the fiscal year 2081/82
3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp

Interested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.00 NRs in the following specified bank.

Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
Name of the office : Thakre Rural Municipality
Office account No : 0510101118900121

5. Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2025-04-23, 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and user manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 2025-04-23, 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 45 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

***Chief Administrative Officer***



## भीमदत्त नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/११)**

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको २०८१।१०।२२ गते प्रकाशित बोलपत्र सूचनाअनुसार तपसिल बमोजिका बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङन समितिको बैठकको निर्णयबाट स्वीकृतिका लागि छनोट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्का विवरण | बोल पत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट र PS Items बाहेक) |
|---|---|---|---|
| 45/RUI/ NCB/ 2081/082 | Various Road upgrading Works, Ward No.19 | OmManakamana Builders, Bhi. Na.Pa. 02, Kanchanpur | रु. १३,७२,२६०।०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जातीय विभेदविरुद्ध निर्मम बन

मार्च २१ अर्थात् तीन दिनअघिमात्र नेपालले पनि अन्तरर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस मनायो । तर प्लेकार्ड बोकेर अधिकारकर्मी यो दिवस मनाइरहँदा सिरहाको एक गाउँको परिवारको भने जातकै कारण उठीबास भएको थियो । सिरहाको औरही गाउँपालिका–५ मा विष्णु महायज्ञको नाममा डोजर चलाएर दीपक मल्लिकको घरै भत्काइयो । चैत १७ देखि हुने भनिएको महायज्ञका लागि ३० वर्षदेखि बस्दै आएको दीपकको घरमा फागुन १० गते डोजर चलाइयो । गाउँपालिकाका अध्यक्ष शिवजी यादवको मिलेमतोमा आयोजक बजरंगी बाबाले घर भत्काउन लगाएका थिए । बजरंगीको साथमा शिवजी र वडा ५ का पूर्ववडाध्यक्ष दिलीप यादव पनि साथ लागेका थिए ।

संयुक्त राष्ट्रसंघले सन् १९६५ मा जातीय तथा रंगभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरेकोमा त्यसयता हरेक वर्ष २१ मार्चलाई विश्वभर विविध कार्यक्रम गरी जातीय विभेद उन्मूलन दिवसकोरूपमा मनाउने गरिन्छ । नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्र हो । जातका आधारमा ठूलो असमानता र विभेद व्याप्त नेपालमा अहिले पनि जातीय विभेद र अत्याचारका घटना जारी रहेको औरहीको घटनाबाट प्रस्ट हुन्छ ।

चार वर्षअघि जाजरकोटका नवराज विकको हत्या भएको थियो भने दलितमाथि हुने हिंसा अझै घट्न सकेको छैन । जबकि, नेपालले सन् १९७१ मै उक्त महासन्धिलाई अनुमोदन गरेको थियो । नेपालले कानुन बनाएरै जातीय विभेद र छुवाछूतलाई दण्डनीय हुने व्यवस्था गरेको छ भने २०६३ सालमा पुनःस्थापित संसद्ले जातीय भेदभावमुक्त राष्ट्र घोषणासमेत गरेको थियो । वर्तमान संविधानमा जातका आधारमा हुने भेदभावलाई दण्डनीय हुने प्रावधान छ । जातीय छुवाछूत तथा भेदभाव कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ ।

तर व्यवहारमा भने राज्यका निकायको जिम्मेवार पदमा रहेकै व्यक्तिहरूको संरक्षणमा दलित समुदायमाथि भेदभाव, अन्याय र अत्याचारका घटना भइरहेका छन् । औरहीमा छोइछिटो हुन्छ भनेर दलितको घर नै हटाएपछि प्रशासनले दुवै जनालाई नियन्त्रणमा लिएको छ भने सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल गृह मन्त्रालयमा तानिएका छन् । घर नै भत्काउन लगाउने आयोजक बजरंगी बाबा भने पक्राउ परेका छैनन् । जातको आधारमा जनप्रतिनिधिबाटै यस्तो घटना हुनु लज्जास्पद हो । पीडकलाई हदैसम्मको कारबाही होस् ।

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

**नोटः** महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा हेरिरहेका हुन्छन् । त्यसैले होस् पुऱ्याउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदाता मात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

#### ठगीबाट जोगिने उपायहरू

- एजेन्टको मात्र भर नपरी म्यानपावरसँग सीधा सम्पर्क गर्ने ।
- कुन देश जाने हो ? कति तलबमा जाने हो ? लागत खर्च कति लाग्छ ? कुन म्यानपावरबाट जाँदै छु ? आदि कुराहरू बुझेर जानुपर्छ । लागत खर्च र आम्दानीको बारेमा राम्ररी बुझ्नुपर्दछ ।

# प्रदेश: राख्ने कि फाल्ने ?



■ पुजा भुषाल

संविधानअनुसार संघ सरकारको भूमिका राष्ट्रिय महत्त्व र केन्द्रीयस्तरका कार्यक्रम/आयोजनामा सीमित हुनुपर्छ । तर संघीय मन्त्री र सांसदको हिजोको एकात्मक सोच र कार्यशैलीमा खासै परिवर्तन नआएको र उनीहरूले संघीय शासन प्रणालीको भावना आत्मसात् गर्न नसकेको देखिन्छ । संविधानअनुसार ससर्त अनुदानको प्रयोग राष्ट्रिय नीति, कार्यक्रम तथा मानक लागू गर्न तथा पूर्वाधारको न्यूनता कम गर्न प्रयोग गर्नुपर्ने हो । तर यसो हुन सकेको छैन ।

प्रदेश सरकारको बजेट विनियोजनबाट आमजनता लाभान्वित हुनेभन्दा अधिकांश अवस्थामा प्रदे श सरकारमा पहुँच हुने केही सीमित वर्ग/समूह मात्र लाभान्वित हुन पुग्यो । अर्को शब्दमा, सार्वजनिक सेवा बाँडेर दिगोरूपमा जनताको मत जित्नुभन्दा पैसा बाँडेर तत्कालका लोकप्रिय हुने नेपाली राज्य संरचनाको रोगबाट प्रदेश सरकार अझ बढी ग्रसित छन् ।

२०७२ असोज ३ गते नयाँ संविधान कार्यान्वयनमा आएसँगै देश विधिवतरूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्रमा रूपान्तरित भयो । पहिलोपटक जनताका प्रतिनिधिले देशको संविधान आफैं लेखेका मात्र थिएनन् मुलुकको राजकीय शक्तिकोसमेत पुनर्संरचना गराउन योगदान दिएका थिए ।

हाम्रो मुलुकका लागि प्रदेश विशुद्ध नयाँ संरचना हो । शून्यबाट सुरू गर्दाको अवस्थामा नीतिगत, कानुनी तथा भौतिक संरचनागत चुनौतीका चाङ थिए । ती चुनौतीहरूलाई पार गर्दै संविधानले दिएका जिम्मेवारी पूरा गर्नु पक्कै पनि सहज थिएन । तर, अब त्यो अवस्था पार गरेर निकै अगाडि बढिसकेको अवस्था छ । प्रदेशका लागि आवश्यक संरचनाहरू तयार भइसकेका छन् । यद्यपि, अझै पनि संविधानअनुरूप प्रदेश सञ्चालनका लागि आवश्यक कानुनी तथा संघबाट हुनुपर्ने अधिकार प्रत्यायोजनलगायतका धेरै कार्यहरू अपूरै छन् । जसकारण प्रदेशको प्रभावकारिता व्यवहारमा देखिएको छैन ।

विभिन्न कमीकमजोरीबाट सिक्दै आफ्नो नीति र व्यवहारमा परिमार्जन गर्दै जानुपर्ने भएकाले प्रदेशहरूको कामकारबाहीमा परिपक्वता आउन दशकौं लाग्न सक्छ । अन्तरर्राष्ट्रिय अनुभवले पनि यही भन्छ । तर नेपालमा प्रदेश कार्यान्वयनमा आएको एक दश नबित्दै खारेजीको माग उठिसकेको छ । प्रदेश संरचना हटाएर संघ र स्थानीय तहलाई मात्र कायम गर्नुपर्ने कुरा आमजनताबाट पनि आइरहेको छ । यति छोटो समयमा नै प्रदेश संरचना सफल वा असफल भनी मूल्यांकन गर्नु अन्याय हुन्छ भन्ने तर्कहरू पनि आइरहेका छन् । यति चाँडो प्रदेश खारेज गर्ने वा हटाउने भन्ने कुरा अशोभनीय लाग्न सक्छ ।

प्रदेशको औचित्यमाथि नै प्रश्न उठ्ने गरी गरिने यस्ता टीकाटिप्पणी व्यक्तिगत र अनौपचारिक तहमा मात्र सीमित छैन । संघीय संसद्मा यही विषयले प्रवेश पाउन थालेको छ । संघीयता विरोधी भनेर चिनिएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रदेशको खारेजीसमेतको माग राखी देशव्यापी आन्दोलन नै गऱ्यो । आफूलाई वैकल्पिक राजनीतिक दलको घोषणा गर्दै पहिलोचोटि २०७९ को चुनावमा होमिएर उल्लेख्य नतिजा हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रदेश संरचनाको विरोधमा उक्त चुनावमा उम्मेदवारी नै दिएको थिएन ।

संघीय नेपालको मुख्य संरचनाको रूपमा रहेको प्रदेश तह अस्तित्वमा आएको यतिका वर्ष बितिसक्दासमेत यसको औचित्यमाथिको प्रश्न मत्थर भएर जानुको सट्टा किन झन् बलियो भएर आएको छ ? किन संघ सरकार वा स्थानीय तहको खारेजीको प्रश्न नउठेर प्रदेशको मात्र खारेजीको प्रश्न उठ्छ ? के संघ सरकारले प्रदेशको सबलीकरणका लागि इमानदार प्रयास गरेको छ ? के आफूलाई प्राप्त अवसरको उपयोग प्रदेश सरकारले राम्रोसँग गरेका छन् ? के प्रदेशहरूले संघ सरकारलाई दोष दिएर मात्र उम्किन पाउँछन् ? यिनै प्रश्नको जवाफ खोज्ने प्रयास यस आलेखमा गरेकी छु ।

दलहरूले प्रदेश संरचनाको मजाक गरेको अर्को विषय हो प्रदेश प्रमुखको नियुक्ति र बर्खास्तगी । प्रदेश प्रमुखजस्तो विशिष्ट पदमासमेत संघमा भएको सरकार वा गठबन्धनको परिवर्तनसँगै आफ्ना आसेपासे वा कार्यकर्ता राख्ने परम्परा दलहरूले बसालेका छन् । यस कारण यो पद पनि संघीय सरकारको खटनपटनमा चल्ने कर्मचारीको जस्तो भएको छ । दलले संघीयताको खिल्ली उडाउँदै प्रदेशसभालाई पनि पंगु बनाएका छन् । राजधानी कहाँ तोक्ने, मुख्यमन्त्री कसलाई बनाउने, विश्वासको मत कसलाई दिने वा नदिने जस्ता हरेक निर्णय दलको केन्द्रबाट हुने गरेका छन् । यसले गर्दा ठूल्ठूला निर्णय गर्ने सवालमा प्रदेशसभाको हैसियत केवल 'रबर स्टचाम्प' मात्र भएको छ ।

यसरी कार्यकर्ता व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रदेश संरचना मज्जाले प्रयोग गर्ने दलहरूले प्रदेशलाई अधिकारयुक्त र प्रभावकारी बनाउने कुनै ठोस काम गरेका छैनन् । संघीयताको अनुकूल हुनेगरी राजनीतिक दलहरूले आफ्ना प्रदेश संरचनालाई मजबुत र अधिकार सम्पन्न बनाउनुपर्नेमा दलका प्रदेश समितिहरू नाममात्रका बन्न पुगेका छन् । प्रदेश सभासदको टिकट वितरणदेखि मन्त्रीमण्डलको गठन पुनर्गठनमा प्रदेश एकाइलाई कुनै निर्णायक भूमिका दिइएको छैन । यहाँसम्म कि आफूलाई संघीयताको कारक ठान्ने केही पार्टीले समेत एक नम्बर प्रदेशको नामकरणको क्रममा आफ्ना सभासदलाई 'कोशी' नामको पक्षमा मतदान गर्न निर्देशन दिँदा दलका प्रदेश प्रमुख बेखबर रहेको कुरा त्यहाँका जनताले अझै सम्झन्छन् । यस्तै व्यवहारले होला, दलका प्रदेश समितिका अध्यक्षले नै यस्ता देखावटी समिति खारेज गरे हुने विचार खुलारूपमा राख्न थालेका छन् ।

तीन तहका सरकार, संविधानका साझा अधिकार सूचीका कारण सिर्जित माथिल्लो डिग्रीको सहवर्तिता, राजस्वका स्रोतहरूको अत्यधिक केन्द्रिकरण, सोपानरहित अन्तरसरकार सम्बन्ध आदिका कारणबाट नेपालको संघीय प्रणाली निकै जटिल भएको छ, जेलिएको छ । यसको सम्बोधनका लागि संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त अपनाउन निर्देशित गरेको छ । औपचारिक तथा अनौपचारिक औजारहरूको विकास गरेर अन्तरसरकारी सम्बन्धलाई व्यवस्थित र प्रभावकारी बनाउन नेतृत्व लिने काम संघ सरकारको हो । यस दिशामा पनि संघ सरकार उदासीन देखिन्छ ।

संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य प्रधानमन्त्री कार्यालयबाट हुने व्यवस्था भएबमोजिम यस कार्यालयको भूमिका नेतृत्वदायी र समन्वयकारी हुनुपर्नेमा यसो हुन सकेको छैन । नियमित प्रशासकीय समन्वयका लागि प्रदेशबाट अनुरोध भएबमोजिम प्रक्रिया अघि बढाउनेबाहेक प्रदेशका कार्यहरूको सहजीकरणमा यसको भूमिका प्रभावकारी छैन ।

प्रदेश सरकारले ल्याउने नीति, कानुन र कार्यक्रमको कार्यान्वयन आफैंप्रति जवाफदेही हुने निजामती र प्रहरी कर्मचारीमार्फत गराउने कल्पना संविधानले गरेको छ । अर्को शब्दमा, समायोजन एक संक्रमणकालीन प्रबन्धमात्र भएकाले आफ्नो जिम्मेवारी पूरा गर्न चाहिने आवश्यक जनशक्तिको भर्नालगायत व्यवस्थापन आफैं गर्ने अधिकार प्रदेशलाई छ । संविधानमा सोझै व्यवस्था नभए पनि कर्मचारी समायोजन ऐनले प्रदेश निजामती सेवासम्बन्धी कानुन बनाउँदा भर्ना, बढुवालगायत कुरामा संघीय निजामती सेवासम्बन्धी कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारका रूपमा लिने उल्लेख छ । यसबाट प्रदेश सरकारहरू संघीय निजामती सेवा ऐनभन्दा अगाडि प्रदेश निजामती सेवा ऐन जारी गर्नबाट पछि हटे । कर्मचारी समायोजन ऐन जारी भएको पाँच वर्षभन्दा बढी भइसक्दा पनि संघ सरकारले संघीय निजामती सेवा ऐन जारी गरेको छैन ।

कानुनी संरचनाको अभावमा प्रदेशले नयाँ कर्मचारी भर्ना त गर्न पाएनन् नै, समायोजन भएर गएका कर्मचारी लगभग पाँच वर्ष कुनै कानुनी आधारविनै परिचालित हुन पुगे भने सरूवा, बढुवा, विभागीय कारबाहीलगायत कर्मचारी प्रशासनका विविध पक्ष भद्रगोल भयो । संघीय निजामती सेवा ऐनको लामो तर उपलब्धिहीन प्रतीक्षापछि सबै प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन जारी गरेका छन् । तर संघीय निजामती सेवा ऐनमा आउने प्रावधानले फेरि प्रदेश निजामती सेवा ऐन प्रभावित हुने सम्भावना छँदै छ । यसैबीच प्रदेश निजामती ऐनअनुरूप पदोन्नति लिएका कर्मचारीलाई संघको निजामती किताबखानाले नचिन्दा निजले पदोन्नति हुनुअघिकै पदअनुसार पेन्सन तथा अन्य सुविधा लिनुपर्ने अवस्था पनि आयो ।

संविधानको आशयविपरीत कर्मचारी समायोजन ऐनले प्रदेश सरकारका प्रमुख सचिव र सचिवको पद संघीय निजामती सेवाको पद मानिने व्यवस्था गऱ्यो । यसैमा टेकेर संघ सरकारले आफूखुसी कर्मचारी पठाउने र फिर्ता गर्ने काम गरेको आरोप प्रदेश सरकारहरूले लगाउने गरेका छन् । यसरी खटाइएका अधिकांश कर्मचारीलाई आफ्नो पायक परूञ्जेलमात्र प्रदेशमा बस्ने छुट संघ सरकारले दिएको छ । र, अपवादबाहेक यसरी खटिएका कर्मचारी प्रदेशमा 'पर्यटक' को रूपमा रहने र उनीहरूको उत्प्रेरणा स्तर पनि न्यून भएको गुनासो प्रदेशका अधिकारीहरू गर्छन् ।

संघ सरकारको एउटा महत्त्वपूर्ण काम तीनै तहका सरकारलाई लागू हुनेगरी क्षेत्रगत रूपमा न्यूनतम मापदण्ड तय गर्नु हो । यसो गर्दा देशभरि नै तीनै तहका सरकारले प्रवाह गर्ने सेवा र वस्तुमा न्यूनतम एकरूपता कायम हुन जान्छ । साथै, यस्ता मापदण्डले प्रदेश र स्थानीय सरकारलाई एउटा सीमामा बाँध्नेमात्र नभई तिनीहरूको जवाफदेही कायम गर्नमासमेत मद्दत पुऱ्याउँछन् ।

संविधानअनुसार संघ सरकारको भूमिका राष्ट्रिय महत्त्व र केन्द्रीयस्तरका कार्यक्रम/आयोजनामा सीमित हुनुपर्छ । तर संघीय मन्त्री र सांसदको हिजोको एकात्मक सोच र कार्यशैलीमा खासै परिवर्तन नआएको र उनीहरूले संघीय शासन प्रणालीको भावना आत्मसात् गर्न नसकेको देखिन्छ । संविधानअनुसार ससर्त अनुदानको प्रयोग राष्ट्रिय नीति, कार्यक्रम तथा मानक लागू गर्न तथा पूर्वाधारको न्यूनता कम गर्न प्रयोग गर्नुपर्ने हो । तर यसो हुन सकेको छैन ।

चालु आर्थिक वर्षमात्रै संघ सरकारले एक हजार २५१ वटा सडकसम्बन्धी आयोजना प्रदेशलाई ससर्त अनुदानको रूपमा पठाएको छ । पाँच लाख रूपैयाँसम्मका आयोजना यसमा राखिएका छन् । यिनको औसत बजेट सात लाख ५५ हजार रूपैयाँ हुन आउँछ । यसबाट कस्तो सडक बन्ला, अनुमान लगाउन सकिन्छ । त्योभन्दा खराब अवस्था खानेपानीको छ । एक लाख रूपैयाँसम्म बजेट राखेर तीन हजारभन्दा बढी आयोजना खानेपानी मन्त्रालयले प्रदेश सरकारलाई ससर्त अनुदानका रूपमा पठाएको छ ।

यी प्रतिनिधि उदाहरणमात्र हुन् । समग्रमा संवैधानिक उद्देश्य र संघीयताको भावनाविपरीत संघीय सांसदले ससर्त अनुदानलाई आफ्नो साँघुरो र तत्कालिक स्वार्थ पूरा गर्ने माध्यम बनाउँदा प्रदेश सरकारको क्षेत्राधिकार सोझै हनन भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले यो अनुदानलाई राष्ट्रिय नीति तथा मापदण्डलगायतका आधारमा मात्र हस्तान्तरण गर्न सिफारिस गरे पनि कुनै सुनुवाइ भएको छैन ।

यही कारण आफ्नो प्रदेशमा कुन क्षेत्र र आयोजनामा रकम विनियोजन गर्ने भन्ने संविधानले दिएको अधिकारबाट वञ्चित भएर संघबाट लादिएका आयोजना कार्यान्वयन गर्न प्रदेश सरकार बाध्य छन् । यसको असर पालिकासम्म पुगेको छ । प्रदेशले संघको सिको गरेर संघकोभन्दा झन् सानो आकारको बजेट राखेर ससर्त अनुदान पालिकाहरूमा पठाउने गरेका छन् । आफ्नो नियन्त्रणमा जे जति सेवा छन् तिनको व्यवस्थापन प्रदेश सरकारले गर्न थालेपछि तिनको गुणस्तरमा के कति सुधार भएको छ, त्यो छुट्टै चर्चाको विषय हुन सक्छ तर संघ र स्थानीय सरकारको तुलनामा सेवा प्रवाहमा कम भूमिका भएकाले सर्वसाधारणको नजरमा प्रदेश सरकार किन चाहिएको होला भन्ने प्रश्न उठ्नमा मद्दत पुगेको छ ।

पुरानो प्रणालीमा पनि स्थानीय निकाय (सरकार) थिए, नेपालको संविधानले संघीयको सट्टा एकात्मक व्यवस्था अंगीकार गरेको भए पनि साविककोभन्दा बढी अधिकारसहित ती रहने नै सम्भावना थियो । मुलुकले फेरि एकात्मक व्यवस्थाको बाटो रोजेमा पनि कुनै नै कुनै रूपमा स्थानीय निकाय/सरकार रहने छ । यसको अर्थ प्रदेश थप वा अतिरिक्त संरचना भन्ने हो । यसरी, प्रदेश अतिरिक्त संरचना भएको कारणबाट नै संघ र स्थानीय सरकारका नेता वा कर्मचारीको आलोचना भइरहँदा प्रदेशको हकमा यसको पूरै संरचनाको खारेजीको आवाज उठिराखेको छ । जनतासँगको सबभन्दा नजिकको सरकार भएकाले सार्वजनिक सेवा प्रवाहको जिम्मेवारी मूलतः स्थानीय सरकारलाई दिने विश्वव्यापी प्रवृत्तिजस्तै भएको छ । माथि भनिएझैं, नेपालको सन्दर्भमा पनि अधिकांश प्रशासनिक सेवा र विषयगत/सामाजिक सेवाहरू स्थानीय सरकारको मातहतमा छन् । पालिकाको केन्द्रको तहमा पनि सेवा प्रवाहको काम टाढा पर्ने भएकाले थुप्रै प्रशासनिक सेवाहरू वडाबाटै दिने व्यवस्था गरिएको छ । यस्तो अवस्थामा प्रदेश सरकारले दक्ष र प्रभावकारी सेवा दिन सक्ने सवाल नै उठ्दैन ।

विज्ञहरूका अनुसार संविधानले स्थानीय सरकारलाई प्रदान गरेको जिम्मेवारीको तुलनामा स्थानीय सरकारको आकार अझै सानो छ । स्थानीय तहको आकार अझ ठूलो भएको भए संविधानले प्रदान गरेका अधिकांश अधिकारहरू आफैंले आन्तरिकीकरण गर्न सक्ने अवस्थामा हुने थिए । यसो हुन नसक्दा पालिकाहरूले आफूलाई प्राप्त थुप्रै जिम्मेवारीहरू दक्षतापूर्वक गर्ने सामर्थ्य राख्दैनन् ।

प्रदेश सरकारका वार्षिक कार्यक्रम र बजेटको विश्लेषण गर्दा यस्तो लाग्छ, न प्रदेशलाई आफ्नो उत्पत्ति र अवस्थितिबारे चिन्ता छ, न आफ्नो तुलनात्मक लाभबारे चासो नै । प्रदेश सरकारहरू कतै पालिकाको जिम्मेवारीभित्र पर्ने क्षेत्रमा 'वडास्तरीय' भन्दा साना आयोजना कार्यान्वयन गर्न व्यस्त छन् भने कतै पालिका र संघसँग दोहोरो/तेहोरो हुनेगरी बजेट विनियोजन गरेका छन् । नगरपालिकाभित्र फोहोर जम्मा गर्ने प्लास्टिकको टोकरी बाँड्ने, विद्यालय परिसरमा पर्खाल लगाउने, नगरपालिकाभित्रको टोलको सानो पार्क बनाउने, कुनै टोलको नाली सफा गर्ने, मन्दिर मर्मत गर्नेजस्ता काममा प्रदेश सरकारको बजेट खर्च भएका उदाहरण प्रशस्त पाउन सकिन्छ ।

सारमा के भन्न सकिन्छ भने, प्रदेश सरकारको बजेट विनियोजनबाट आमजनता लाभान्वित हुनेभन्दा अधिकांश अवस्थामा प्रदेश सरकारमा पहुँच हुने केही सीमित वर्ग/समूह मात्र लाभान्वित हुन पुग्यो । अर्को शब्दमा, सार्वजनिक सेवा बाँडेर दिगोरूपमा जनताको मत जित्नुभन्दा पैसा बाँडेर तत्कालका लोकप्रिय हुने नेपाली राज्य संरचनाको रोगबाट प्रदेश सरकार अझ बढी ग्रसित छन् ।

माथिको आधारमा के भन्न सकिन्छ भने प्रदेशको उत्पत्ति, स्वीकार्यताको स्तर तथा अवस्थितिका कारण प्रदेश सरकारलाई संघ र स्थानीय सरकारको जस्तो काम गर्ने छुट छैन । प्रदेश सरकारलाई प्रदेश संरचनाप्रति साँच्चै माया छ भने उनीहरूले आफ्ना कामकारबाहीमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ, होइन भने राज्यलाई आर्थिक भार थप्नुभन्दा प्रदेश खारेज गर्नुको विकल्प छैन । केन्द्र सरकार बलियो बनाउने र तल्लो तह (स्थानीय तह)लाई अधिकार सम्पन्न गराएर अघि बढ्नु अति उत्तम देखिन्छ ।

# सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस सिद्धार्थ **फर्मास्यूटिकल्स प्रा. लि.** भैरहवाबाट उत्पादित औषधीहरूको आ.व ८१/०८२ को लागि बजार दर रेट तथा बिक्री मुल्य निर्धारण गरी यो दर रेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरु कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यलयहरूले खरिद गर्नुपरेमा यस उद्योगको आधिकारीक बिक्रेता **श्री बंगलामुखी मेडिसीन सप्लायर्स प्रा. लि.** भक्तपुरबाट, खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Product Name | Dosage/Forms | Strength | Sales Rate Per Unit | MRP |
|---|---|---|---|---|---|
| 1 | Acetylsalicylic acid (aspirin) | Tablet | 75mg | 1.14 | 1.200 |
| 2 | Adrenaline (epinephrine) | Injection | 1mgin 1ml | 20.52 | 21.600 |
| 3 | Albendazole | Chewable Tablets | 400mg | 9.50 | 10.000 |
| 4 | Aluminium hydroxide gel+ Magnesium hydroxide | Tablet | 250mg+ 250mg | 2.38 | 2.500 |
| 5 | Amitriptyline | Tablet | 10mg | 2.38 | 2.500 |
| 6 | Amitriptyline | Tablet | 25mg | 3.33 | 3.500 |
| 7 | Amlodipine | Tablet | 5mg | 4.75 | 5.000 |
| 8 | Amoxicillin | Oral Tablet | 500mg | 7.60 | 8.000 |
| 9 | Amoxicillin | Powder for oral Suspension | 125mg | 118.75 | 125.000 |
| 10 | Amoxicillin | Dispersible Tablets | 125mg | 2.85 | 3.000 |
| 11 | Amoxicillin | Tablet | 250mg | 4.75 | 5.000 |
| 12 | Ampicillin | Powder for IV/IM Injection | 250mgvial | 24.25 | 25.530 |
| 14 | Atropine | Injection | 0.6mgin 1 ml ampoule | 10.46 | 11.008 |
| 15 | Azithromycin | Tablets | 250mg | 16.58 | 17.450 |
| 18 | Calamine | Lotion | 15% w/v,30ml | 71.25 | 75.000 |
| 19 | Calcium gluconate | Injection | 1gm per 10ml | 37.44 | 39.408 |
| 20 | Carbamazepine | Tablets | 100mg | 1.43 | 1.500 |
| 21 | Carbamazepine | Tablets | 200mg | 2.66 | 2.800 |
| 22 | Carbamazepine | Oral Liquid | 100mg/5ml | 33.52 | 35.280 |
| 23 | Cefixime | Tablets | 200mg | 19.00 | 20.000 |
| 24 | Ceftriaxone | Dry powder for dilution injection | 1gm/vial | 85.50 | 90.000 |
| 25 | Ceftriaxone | Dry powder for dilution injection | 250mg/vial | 45.60 | 48.000 |
| 26 | Cetirizine | Tablet | 10mg | 3.80 | 4.000 |
| 27 | Cetirizine | syrup | 5mg/5ml | 52.25 | 55.000 |
| 28 | Charcoal, activated | Powder in sachet | 10mg | 47.50 | 50.000 |
| 29 | Chlorhexidine (CHX) | Solution | Solution, 0.2% oral 50ml | 94.05 | 99.000 |
| 30 | Chloroquine (CQ) | Tablet | 150mg | 9.03 | 9.500 |
| 31 | Ciprofloxacin | Tablets | 250mg | 6.65 | 7.000 |
| 32 | Ciprofloxacin | Tablets | 500mg | 7.60 | 8.000 |
| 33 | Ciprofloxacin | Eye/Ear Drops | 0.3%w/v5ml | 28.50 | 30.000 |
| 34 | Ciprofloxacin | Eye ointment | 0.3% 5gm | 23.75 | 25.000 |
| 35 | Ciprofloxacin | Injection | 200mg/ 100ml | 82.65 | 87.000 |
| 36 | Clotrimazole | Skin Cream | 1%,25gm | 76.00 | 80.000 |
| 37 | Clotrimazole | Vaginal Tablets | 100mg | 10.45 | 11.000 |
| 38 | Clotrimazole | Mouth paint | 1%w/v | 123.50 | 130.000 |
| 39 | Cloveoil | Liquid | 5ml | 33.25 | 35.000 |
| 40 | Cloxacillin | Capsules | 500mg | 12.35 | 13.000 |
| 41 | Cloxacillin | Liquid | 500MG | 123.50 | 130.000 |
| 43 | Cotrimoxazole (Sulphamethoxazole and /trimethoprime 5:1) | Tablets | 400mg+80mg | 3.33 | 3.500 |
| 44 | Cotrimoxazole (Sulphamethoxazole and /trimethoprime 5:1) | Tablets | 800mg+ 160mg | 7.60 | 8.000 |
| 46 | Dexamethasone | Injection | 4mgin 1 ml vial | 10.68 | 11.240 |
| 46 | Dextrose (glucose) | Infusion | 5%-500ml | 42.75 | 45.000 |
| 47 | Dextrose (glucose) | Solution | 25%-50ml | 40.85 | 43.000 |
| 48 | Diazepam | Injection | 2ml amp (5mg/ ml) | 33.25 | 35.000 |
| 49 | Diazepam | Tablet | 50mg | 4.75 | 5.000 |
| 50 | Diclofenac sodium | Tablet | 5mg | 2.66 | 2.800 |
| 51 | Diclofenac sodium | Injection | 3ml ampoule (25mg/ml) | 28.50 | 30.000 |
| 52 | Doxycycline | Capsule | 100mg | 6.65 | 7.000 |
| 54 | Fluconazole | Capsule | 150mg | 22.80 | 24.000 |
| 55 | Fluoxetine | Capsule | 20mg | 5.89 | 6.200 |
| 56 | Folicacid | Tablets | 5mg | 2.85 | 3.000 |

| S.N. | Product Name | Dosage/Forms | Strength | Sales Rate Per Unit | MRP |
|---|---|---|---|---|---|
| 57 | Gentamicin | Injection | (40mg/ml)/2ml | 18.81 | 19.800 |
| 58 | Gentian Violet | Aqueous solution | 0 | 33.25 | 35.000 |
| 59 | Glimepiride | Tablet | 1mg | 5.04 | 5.300 |
| 61 | Hydrocortisone | Powder for Injection | 100mg in vial | 118.56 | 124.800 |
| 62 | Hyoscine butylbromide | Injection | 20mg/ml | 31.35 | 33.000 |
| 63 | Ibuprofene | Tablet | 200mg | 2.85 | 3.000 |
| 64 | Levonorgestrel (LNG) | Tablet | Implant (2 rods, 75mg each) | 76.00 | 80.000 |
| 65 | Lignocaine | Injection | 2%invial | 43.70 | 46.000 |
| 66 | Lignocaine with adrenaline 1:10,000 | Injection | 2%plus Adrenalin 1:10,000 | 3.42 | 3.600 |
| 67 | Losartan | Tablets | 25mg | 4.18 | 4.400 |
| 68 | Losartan | Tablets | 50mg | 7.22 | 7.600 |
| 70 | Metformin | Tablets | 500mg | 1.90 | 2.000 |
| 71 | Metformin | Tablets | 1000mg | 5.94 | 6.250 |
| 72 | Methyldopa | Tablets | 250mg | 19.00 | 20.000 |
| 73 | Metoclopramide | Solution | 5mg/ml | 38.00 | 40.000 |
| 74 | Metoclopramide | Injection | 5mg/ml in 2 ml ampoule | 10.45 | 11.000 |
| 75 | Metronidazole | Tablets | 200mg | 2.38 | 2.500 |
| 76 | Metronidazole | Tablets | 400mg | 4.75 | 5.000 |
| 77 | Metronidazole | Oral Liquid | 200mg/ml | 52.25 | 55.000 |
| 78 | Mifepristone | tablet | 200mg Combipack (1 tab mifepristone- 200mg and 1 tab misoprostol is 200 mcg) | 129.96 | 136.800 |
| 79 | Misoprostol | Tablets | 200mcg | 35.63 | 37.500 |
| 80 | Neomycin | Ointment | 2% w/W 10G | 72.20 | 76.000 |
| 81 | Nitrofurantion | Tablet | 100mg | 8.08 | 8.500 |
| 84 | Oxymetazoline | Nasal drops | 0.025%, 10ml | 71.25 | 75.000 |
| 85 | Oxymetazoline | Nasal drops | 0.05%10ml | 109.25 | 115.000 |
| 86 | Paracetamol | Injection | 150mg/ml in 2ml | 14.25 | 15.000 |
| 87 | Paracetamol | Tablet | 500mg | 0.95 | 1.000 |
| 88 | Permethrin | Cream | 5%w/v | 114.00 | 120.000 |
| 89 | Pheniramine | Injection | 22.75mg/ml 2ml | 9.50 | 10.000 |
| 90 | Phenobarbital | Tablet | 30mg | 2.85 | 3.000 |
| 91 | Pralidoxim sodium | Injection | 500mg,20ml | 180.50 | 190.000 |
| 92 | Prednisolone | Tablets | 5mg | 2.38 | 2.500 |
| 93 | Prednisolone | Tablets | 10mg | 4.75 | 5.000 |
| 94 | Primaquine | Tablets | 7.5mg | 1.90 | 2.000 |
| 95 | Pyridoxine | Tablets | 10mg | 1.90 | 2.000 |
| 96 | Ranitidine | Tablets | 150mg | 1.90 | 2.000 |
| 97 | Ranitidine | Injection | 25mg/ml in 2 ml ampoule | 8.55 | 9.000 |
| 98 | Ringer's Lactate (RL) | Injectable solution | 500ml | 52.25 | 55.000 |
| 99 | Risperid one | Tablets | 1mg | 4.75 | 5.000 |
| 101 | Salbutamol | Solution | 1mg/ml or 15 ml | 9.74 | 10.256 |
| 102 | Salbutamol | MDI | 100mcg | 232.75 | 245.000 |
| 103 | Tetanus diphtheria (TD) Boster Dose | Injection | 0.5ml | 19.82 | 20.860 |
| 104 | Tetanus Toxoid (TT) | Injection | 0.5ml | 19.82 | 20.860 |
| 105 | Tetracycline | Eye ointment | 0 | 23.75 | 25.000 |
| 106 | Tinidazole | Tablets | 500mg | 4.75 | 5.000 |
| 107 | Vitamin A | Capsule | 50,000IU | 13.89 | 14.620 |
| 108 | Vitamin B complex | Tablet | Thiamine10mgriboflavin 10mgpyridoxi | 2.85 | 3.000 |
| 109 | Vitamin K1 | Injection | 1mg/0.5ml | 75.05 | 79.000 |
| 110 | Zinc sulphate | Dispersible Tablets | 10mg (IMNCI) | 2.85 | 3.000 |

# प्रभाव दैनिक

सोमबार, ११ चैत २०८१ (Monday, March 24, 2025)





## चलचित्र 'डोरी' १५ चैतदेखि देशव्यापी प्रदर्शन

अरूण लामाद्वारा लिखित तथा निर्देशित नेपाली कथानक चलचित्र 'डोरी' यही चैत १५ गतेदेखि देशव्यापी हलहरूमा प्रदर्शन हुने भएको छ । यस चलचित्रमा अरूणसँगै अञ्जना बराइली, शिशिर प्रकाश बाङ्देल, प्रविन खतिवडा, प्रकाश घिमिरेलगायतका कलाकारको अभिनय रहेको छ । चलचित्रमा दिनेश भट्टराई निर्माता, राज थापा कार्यकारी निर्माता, मनोज पण्डित स्क्रिप्ट डक्टर, सौरव लामा छायांकन निर्देशक, राज तामाङ द्वन्द्व निर्देशक रहेका छन् ।




# नाटकघर हुँदै चलचित्रमा अभिनय गर्ने क्रम बढ्दो

■ भेषराज कार्की




**काठमाडौं–** केही वर्षयता रंगमञ्च हुँदै रंगीन पर्दा अर्थात् चलचित्रमा अभिनय गर्ने कलाकारको संख्या बढ्दो छ । अहिले नेपाली चलचित्रको अग्रपंक्तिमा रहेका अभिनेताहरू नाटकघरबाटै उदाउने धेरै छन् । यही सन्दर्भमा रंगमञ्चबाट चलचित्रसम्मको यात्राको विषयमा रंगकर्मीबीच छलफल भएको छ ।

'विश्वभरिका कथाहरूको उत्सव नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नाराका साथ गत बिहीबारदेखि काठमाडौंमा जारी 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को आठौं संस्करणमा 'रंगमञ्चबाट रंगीन पर्दा' शीर्षकमा गरिएको अन्तरक्रिया कार्यक्रममा अभिनेता तथा नाटचकर्मी प्रमोद अग्रहरीले रंगमञ्चले आफू र समाजलाई बुझ्न मद्दत गर्नुका साथै कामप्रतिको सम्मान बढाउन तथा अनुशासन सिकाउने बताएका छन् ।

'अभिनय पढ्नैपर्ने विधा, यसमा अध्ययन नभए राम्रो कलाकारिता गर्न सकिँदैन भन्ने मेरो बुझाइ छ । यसले रंगमञ्चबाट ठूलो पर्दामा जान मद्दत गर्नुका साथै अभिनयमा विविधता ल्याउन मद्दत गर्छ । रंगमञ्चलाई छाडेरभन्दा पनि साथै राखेर रंगीन पर्दामा पुग्नेहरू दीर्घायु हुन्छन्,' अभिनेता अग्रहरीले भने । छलफलका क्रममा उनले आफ्नो नाटकघर हुँदै चलचित्र भवनसम्मको यात्राका विषयमा समेत चर्चा गरे ।

छलफलमा सहभागी अभिनेत्री तथा नाटचकर्मी सरिता गिरीले चलचित्र र रंगमञ्च दुवै माध्यममा सङ्घर्ष र निरन्तरता आवश्यक रहेको बताइन् । 'रंगमञ्च चलचित्रसम्म पुग्ने एउटा बाटो हो, किनकि यहाँ आएर अभिनय सिकेका अहिले चलचित्रमा सर्वाधिक खोजिने कलाकार बन्नुभएको छ । तर, चलचित्रमा काम गर्छु भनेर नाटकघर आउनेभन्दा नाटकमा काम गर्ने चलचित्रमा स्थापित हुनुभएको छ । त्यसैले हामीले नाटक हुँदै चलचित्रमा पुग्नुभएका कलाकारको सफलतासँगै उनहरूले गर्नुभएको संघर्षलाई बुझ्नु जरुरी छ, त्यसले हामीलाई अगाडि बढ्न प्रेरणा दिन्छ,' उनले भनिन् । अभिनेत्री गिरीले रंगमञ्च नै सपना बोकेर आएका आफ्ना पुस्ताका कलाकार मिहेनत र निरन्तरताकै कारण आज चलचित्रमा पुग्न सफल भएका बताइन् ।

अभिनेता तथा नाटचकर्मी बुद्धि तामाङले रंगमञ्च अभिनयमा आफ्नो भविष्य देख्नेलाई बाटो देखाउने माध्यम बनेको बताए । उनले नाटक र चलचित्रको माध्यम फरक भएकाले त्यसलाई एउटै आँखाले हेर्न नहुने बताए । 'नाटकमा हामी आफैंले सबै काम गर्छौं, त्यहाँ हामीलाई निर्देशक गर्ने कोही हुँदैनन् । तर, चलचित्रमा हाम्रो भावलाई निरन्तरता दिन वा हाम्रो अभिनय क्षमतालाई हेर्न क्यामरा पछाडि धेरै बस्नुहुन्छ । त्यसकारण यी दुवै माध्यममा मिहेनत गर्न सक्नेका लागि सहज र काम गर्न नसक्नेका लागि असहज बनिरहेको छ,' अभिनेता तामाङले भने । उनले चलचित्रमा काम गर्ने उद्देश्यले भन्दा पनि अभिनय क्षमतालाई मापन गर्ने संकल्प लिएर नाटकघरमा आउन आग्रह गरे ।

छलफलमै रहेकी नाटचकर्मी सृजना अधिकारीले यसै वर्ष प्रदर्शन भएको चलचित्र 'सतिदेवी' मा अभिनेत्रीको भूमिका निर्वाह गरेकी थिइन् । तीन सन्तानको आमाको भूमिकामा देखिएकी अभिनेत्री अधिकारीले माध्यम फरक भए पनि अभिनयका हिसाबले चलचित्र र नाटकमा उस्तै तयारी गर्नुपर्ने अनुभव सुनाइन् ।

'नाटकमा हामीले आफ्नो अभिनयसँगै आफ्नो सम्पूर्ण आवश्यक तत्वलाई मिलाउनुपर्छ भने चलचित्रमा त्यसलाई विचार गर्ने धेरै व्यक्ति हुन्छन् । मलाईचाहिँ जति आफू प्रक्रियामा संलग्न भयो त्यति नै राम्रो लाग्छ, त्यही भएर म नाटकमा काम गर्न सहजता महसुस गर्छु,' उनले भनिन् ।

अभिनेत्री गिरीले चलचित्रसँगै रंगमञ्चमा समय छुट्याउने गरेको बताइन् । उनले एक वर्षमा तीनदेखि छ महिनासम्मको समय नाटकलाई दिन्छिन् । त्यसकारण उनले आफ्नो भूमिका सानो वा छोटोभन्दा पनि प्रभावकारिता हेरेर चलचित्रमा काम गर्ने गरेको बताइन् ।

'मेरो लागि कथामा पात्रको आवश्यकता महत्त्वपूर्ण हुन्छ, त्यो पर्दामा देखिने समयले मलाई फरक पार्दैन । त्यसैले मैले आफ्नो उमेरभन्दा बढी उमेर हुनुभएका कलाकारको आमाको भूमिका पनि गरेकी छु भने कुनै चलचित्रमा छोटो समय पनि देखिएकी छु । हामीले पात्रलाई जीवन्त बनाउन सकेको खण्डमा त्यसको लम्बाइले असर गर्दैन,' उनले भनिन् । अभिनेत्री गिरीले नाटकमा महिलाको भूमिका सशक्त रहने उल्लेख गर्दै चलचित्रमा समानता ल्याउन लेखकको महत्त्वपूर्ण दायित्व रहनेमा जोड दिइन् ।

अभिनेता तामाङले आफूले निर्वाह गर्ने हरेक पात्र महत्त्वपूर्ण लाग्ने बताए । 'मलाई कुनै पात्र प्रस्ताव गरिन्छ भने त्यो महत्त्वपूर्ण नै भएर हो भन्ने लाग्छ, यद्यपि म त्यसमा आफ्नो छाप छाड्ने प्रयास गर्नुका साथै कथालाई अगाडि बढाउन प्रयत्न गर्छु । अहिले पात्र सहायक वा प्रमुखभन्दा पनि काम कस्तो गरियो भन्ने लाग्छ, किनकि म स-साना सहायक भनिने भूमिकामार्फत पनि चिनिएको हो,' उनले भने ।

अन्तरक्रियामा सहभागी नाटचकर्मीले रंगमञ्चबाट ठूलो पर्दामा गएकाहरूले अभिनयमा निरन्तरता दिन सक्नेमा जोड दिएका थिए । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा आज (चैत ११)सम्म चल्ने उक्त महोत्सवमा ४० देशका ८७ चलचित्र, वृतचित्र तथा छोटा चलचित्र सहभागी छन् । महोत्सवका अध्यक्ष केपी पाठकले विभिन्न भाषाका चलचित्रहरू एकै ठाउँमा प्रदर्शन हुँदा चलचित्रकर्मीबीच ज्ञान आदानप्रदान हुनुका साथै विश्वका चलचित्रसँग परिचित गराउने बताए ।

महोत्सवलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरेर दुई किसिमले वर्गीकरण गरिएको छ । दुवैमा 'फिचर' र लघुचलचित्रका साथै वृत्तचित्र विधामा अवार्ड वितरण गरिने छ । महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार ५०० डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिने छ । यस्तै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रबाट कुनै एक चलचित्रलाई 'अन्तर्राष्ट्रिय चलचित्र समाज महासंघ'को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिने छ । नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई एक लाख रूपैयाँ र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई ५०-५० हजार रूपैयाँ र ट्रफी प्रदान गरिने छ ।

महोत्सवमा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय लघुचलचित्रलाई ५०० डलरको 'बागमती अवार्ड' प्रदान गरिने छ । एआई प्रविधिको चलचित्रलाई ५०० अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ । *रासस*

## रंगशाला

### पहिलो खेलमा हैदरावादको जित

**आइपिएल क्रिकेट**

**काठमाडौं (प्रस)–** इन्डियन प्रिमियर लिग (आइपिएल) अन्तर्गत आइतबार भएको पहिलो खेलमा सनराइजर्स हैदरावादले जित निकालेको छ । भारतको राजिव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न खेलमा हैदरावादले राजस्थान रोयल्सलाई ४४ रनले पराजित गर्दै विजयी भएको हो । जितसँगै हैदरावादले दुई अंक जोडेको छ ।

हैदरावादले दिएको २८७ रनको लक्ष्य पछ्याएको राजस्थान निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै २४२ रनमा समेटियो । राजस्थानका लागि ध्रुव जुरेलले ३५ बलमा छ चौका र पाँच छक्काको मद्दतले सर्वाधिक ७० रनको योगदान गरे । यसैगरी सञ्जु सामसनले ३७ बलमा सात चौका र चार छक्कासहित ६६ रन जोडे भने सिम्रन हेटमायरले ४२, शुभम दुबेले अविजित ३४ तथा नितेश राणाले ११ रन बनाए ।

हैदरावादका लागि हर्षल पटेल र सिमरजित सिंहले समान दुई-दुई विकेट लिए भने मोहम्मद शामी र एडम जाम्पाले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हैदरावादले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै २८६ रनको योगफल बनाएको थियो । हैदरावादका लागि इशान किसनले ४७ बलमा ११ चौका र छ छक्काको मद्दतले अविजित १०६ रनको योगदान दिए । यसैगरी ट्रभिस हेडले ३१ बलमा नौ चौका र तीन छक्कासहित ६७ रन बनाए । हेनरिक क्लासनले ३४, नितिशकुमार रेड्डीले ३० र अभिषेक शर्माले २४ रन बनाए ।

### आठौं अन्तर्राष्ट्रिय मेयर कप वैशाख दोस्रो साता

**भोजपुर (प्रस)–** आठौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर कप फुटबल आगामी वैशाख दोस्रो सातादेखि सुरु हुने भएको छ । जिल्ला फुटबल संघको आयोजना तथा भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा प्रत्येक वर्ष जिल्ला सदरमुकाममा सञ्चालन हुँदै आएको उक्त प्रतियोगिता यस वर्ष २०८२ वैशाख १४ देखि २० गतेसम्म सञ्चालन हुने आयोजक भोजपुर जिल्ला फुटबल संघका अध्यक्ष प्रविण सुवालले जानकारी दिए ।

भोजपुर नगरपालिका-७, कोदारस्थित रंगशालामा सञ्चालन हुने उक्त प्रतियोगितामा आठ टोलीले सहभागिता जनाउने छन् । प्रतियोगिता सञ्चालनका लागि भोजपुर नगरपालिकाले ३० लाख रूपैयाँ सहयोग गरेको छ । प्रतियोगिताका विजेता तथा उपविजेताले क्रमशः पाँच लाख र तीन लाख रूपैयाँ पुरस्कार पाउने छन् । सातौं संस्करणमा चर्च ब्वाइज युनाइटेड, काठमाडौंले त्रिभुवन आर्मी क्लबलाई हराउँदै उपाधि जितेको थियो ।


करैयामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
मधेश प्रदेश, नेपाल

**विषयः- बोलपत्र स्विकृत गर्ने आशयको सूचना ।**

प्रकाशित मिति २०८१।१२।११

करैयामाई गाउँपालिका अन्तर्गत आ.व.२०८१/०८२ मा ठे.नं. **KRM/NCB/W/02/081/082 (Construction of Blacktopped Road And RCC Drain from Tetariya-Sedhwa-Sihorwa to Madhuwan)** कार्यको लागि मिति २०८१।१०।२३ गते बिद्युतिय बोलपत्र मार्फत सूचना प्रकाशित गर्दा ई-सबमिशन मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बिद्युतिय बोलपत्र मिति २०८१।११।२८ गतेको मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क.सं. | बोलपत्र/ठेक्का नं. | कामको विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम/ठेगाना | कबोल गरेको रकम रु. |
|---|---|---|---|---|
| १ | KRM/NCB/W/02/081/082 | Construction of Blacktopped Road And RCC Drain from Tetariya- Sedhwa- Sihorwa to Madhuwan | SN Nirman Sewa | 90,53,523.8 (with VAT & PS) |

(प्रमुख प्रशासकीय अधिकृत)



**साउदी/युएइमा रोजगार** कम्पनी : KHALED MAHDI AL-ZULAIQ GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/०८ | LT. No. 320763 | चलानी नं. ६०२३४९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 5 | 0 | 1000 | ३६,७९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GAIDH ALSAIF TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/०८ | LT. No. 320884 | चलानी नं. ६०२३४९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४५,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 2 | 0 | 1200 | ४५,०९३ | | | | | | | |
| 3 | Steel Fixer (Building) | 3 | 0 | 1200 | ४५,०९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १८ गते (31th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**साउदीमा रोजगार** कम्पनी : Ahmed Bin Eid Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/१२/०८ | LT. No. 320846 | चलानी नं. ६०२३४९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६६,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १८ गते (31st March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
License No.: 646/063/064
